# प्रेस विज्ञप्ति

माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलज्यूसँग मिति २०७५ मंसिर ५ गते उहाँकै कार्यकक्षमा नेपालका लागि संयुक्त राज्य अमेरिकाका महामहिम राजदूत **Mr. Randy Berry** ले शिष्टाचार भेट गर्नुभयो ।

भेटका अवसरमा माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूले संयुक्त राज्य अमेरिकाले नेपालको आर्थिक र सामाजिक विकासका महत्वपूर्ण पूर्वाधार संरचनाहरू निर्माण गर्न पुर्‍याएको सहयोगका लागि धन्यवाद व्यक्त गर्नुभयो । उहाँले नेपाललाई Millennium Challenge Cooperation (MCC) योजनाका लागि छनौट गरेकोमा अमेरिकी सरकारलाई धन्यवाद दिनुभयो ।

भेटवार्ताका क्रममा नेपालका लागि संयुक्त राज्य अमेरिकाका महामहिम राजदूतले दुई देशबीच लामो समयदेखि अत्यन्त नजिकको सम्बन्ध रहेको चर्चा गर्दै नेपालको आर्थिक सामाजिक विकासमा सहयोग गर्न संयुक्त राज्य अमेरिका सदैव सकारात्मक रहेको विचार व्यक्त गर्नुभयो ।

नेपालमा लामो समयपछि नेपाली जनताले राजनैतिक स्थायित्वको अनुभूति गर्न पाएको सुखद संयोगको बेलामा आफू नेपालमा उच्च जिम्मेवारी लिएर आएको कुरा राख्दै महामहिम राजदूतले लोकतान्त्रिक, समावेशी, जनताको सेवा गर्ने शासन प्रणाली, सुदृढ तथा बलियो अर्थतन्त्र र सार्वभौम, स्वतन्त्र तथा आफ्नो हितमा निर्णय गर्न सक्ने नेपाल अमेरिकी जनताको चाहना रहेको विचार व्यक्त गर्नुभयो ।

महामहिम राजदूतले अन्तर्राष्ट्रिय शान्ति स्थापनामा नेपाली सेनाको उल्लेखनीय भूमिका रहेको कुरा उल्लेख गर्दै नेपाली सेनालाई थप दक्ष र व्यावसायिक बनाउन आगामी दिनमा पनि अमेरिकी सरकारले सहयोग निरन्तर जारी राख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

शिष्टाचार भेटका अवसरमा रक्षा मन्त्रालयका सहसचिव श्री बाबुराम गौतम,परराष्ट्र मन्त्रालयका प्रतिनिधि तथा काठमाण्डौस्थित अमेरिकी राजदूतावासका सुरक्षा अधिकारीहरूको समेत उपस्थिति थियो ।

(बाबुराम गौतम)
सह-सचिव एवं प्रवक्ता

रक्षा मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं
६ मंसिर, २०७५